द्रष्टव्यः

(क) नेपालीले आफ्नो नाममा हात्ती भाडा लिई विदेशीलाई चढाउन पाउनेछैन। चढाएमा विदेशीलाई लाग्ने भाडा लिई सोही बराबरको थप भाडासमेत लिइनेछ।

(ख) दिनभर भन्नाले हात्तीलाई ६ घण्टासम्म प्रयोग गर्न पाइनेछ।

(ग) १ (एक) हात्तीमा दुईभन्दा बढी व्यक्ति चढाउन हुँदैन तर निकुञ्ज तथा आरक्ष अवलोकनका लागि काठको फ्रेमवाला गद्दी भएको हात्तीमा ४ जवानसम्म चढ्न पाइनेछ।

(घ) ७ दिनभन्दा बढीको लागि हात्ती भाडामा प्रयोग गरेमा बढी प्रयोग गरेको दिन जतिको शतप्रतिशत थप दस्तूर तिर्नु पर्नेछ।

(ङ) घाँस पानी नभएको ठाउँमा बास बस्ने गरी हात्ती भाडामा लैजान दिइनेछैन।

खण्ड २६ मिति २०३३।६।२५ संख्या २५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस सम्बन्धित यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

नेपाल राजपत्र खण्ड ३४ मिति २०४१।५।११ संख्या २० मा प्रकाशित सामान्य प्रशासन मन्त्रालयको सूचनाको पृष्ठ २८ को अन्तमा रहेको 'आज्ञाले' भन्ने शब्दमुनि श्यामकुमार प्रधान हुनुपर्नेमा श्यामकुमार श्रेष्ठ हुनगएकोले भूलसुधार गरिएको छ।

श्री ५ को सरकारको छापाखाना

## भूलसुधार

खण्ड ३४ मिति २०४१।४।१५ पृष्ठ २१ नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको नेपाल राजपत्र भन्ने शब्दको मुनि भाग ३ हुनुपर्नेमा भाग ४ हुन गएकोले भूलसुधार गरिएको छ।

४८६

निर्माण तथा यातायात मन्त्रालय

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग